# खुला बजेट सर्वेक्षण : २०१७/ नेपाल

| | | | |
|---|---|---|---|
| | **५२**<br>१०० मा<br>पारदर्शिता (खुला बजेट)<br>नेपालमा जनतालाई सिमित बजेट सूचना उपलब्ध गराइन्छ | **२४**<br>१०० मा<br>जनसहभागिता<br>नेपालमा जनतालाई बजेट प्रक्रियामा सहभागिताको न्यून अवसर छ। | **४४**<br>१०० मा<br>बजेट निगरानी<br>नेपालमा संसद र सर्वोच्चलेखापरीक्षण निकायबाट सिमित रुपमा बजेट निगरानी गरिन्छ। |

## पारदर्शिता (खुला बजेट सूचक)

खुला बजेट सर्वेक्षणमा बहुपक्षीय संस्थाहरूले निर्माण गरी अन्तर्राष्ट्रियरुपमा स्वीकार गरिएका मापदण्डहरुमा आधारित रही तयार पारिएका १०९ वटा समान अङ्क भारित सूचकमार्फत बजेटको पारदर्शिता मापन गरिन्छ। यी सूचकहरूले केन्द्रीय सरकारहरूले आठ मुख्य बजेट दस्तावेजहरू समयबद्धरुपमा नागरिकहरुलाई अनलाइनमा उपलब्ध गराउछन् कि गराउँदैनन् भन्ने कुराको परीक्षण गर्नुका साथै ती दस्तावेजमा भएका जानकारीहरू ज्ञानमूलक र उपयोगी भए वा नभएको हेर्नेछन्।

बजेट पारदर्शिताका सन्दर्भमा विश्वको एकमात्र स्वतन्त्र र तुलनात्मक मापकका रुपमा रहेको यो सर्वेक्षणले हरेक देशले पाउने कुल अङ्क प्रस्तुत गर्छ,जसबाट खुला बजेट सूचकाङ्कमा उक्त देशको स्तर निर्धारण हुन्छ।


| दस्तावेज | २००६ | २००८ | २०१० | २०१२ | २०१५ | २०१७ |
|---|---|---|---|---|---|---|
| पूर्व बजेट विवरण (Pre-Budget Statement) | 🟠 | 🟠 | 🔴 | 🔴 | 🔴 | 🔴 |
| कार्यपालिका बजेट प्रस्ताव (Executive's Budget Proposal) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟠 | 🟢 |
| अनुमोदित बजेट (Enacted Budget) | 🟢 | 🟢 | 🟠 | 🟢 | 🟢 | 🟢 |
| नागरिक बजेट (Citizen Budget) | 🔴 | 🔴 | 🔴 | 🔴 | 🔴 | 🔴 |
| आवधिक प्रतिवेदन(In year Report ) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |
| मध्यावधि समिक्षा (Mid-Year Review) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |
| वार्षिक प्रतिवेदन (Year End Report) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |
| लेखापरीक्षण प्रतिवेदन (Audit Report) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |

🟢 सार्वजनिक रुपमा उपलब्ध भएको 🔴 निर्माण नभएको 🟠 ढिला निर्माण भएको, अनलाइनमा प्रकाशन नभएको वा आन्तरिक प्रयोजनका लागि मात्र तयार भएको


**समय अन्तरालमा नेपालको खुला बजेट अङ्कमा कस्तो परिवर्तन देखा पर्‍यो ?**




**नेपालमा प्रकाशन हुने बजेट दस्तावेजहरू कत्तिको जानकारीमूलक र उपयोगी छन् ?**




| | |
|---|---|
| ८०-१०० | पर्याप्त |
| ६१- ८० | निकै |
| ४१-६० | सीमित |
| २१-४० | न्यून |
| ०-२० | नगण्य |




- नेपालले कुल १०० अङ्कमा ५२ अङ्क प्राप्त गरेको छ, । यो विश्वको औसत ४२ भन्दा केही बढी हो ।
- सन् २०१५ मा कार्यपालीकाको बजेट प्रस्ताव ढिला प्रकाशन भएको कारणले नेपालको खुला बजेट सूचकाङ्क मा निकै गिरावट आएर २४ अङ्क पुगेकोमा २०१७ मा यो अङ्क निकै बढेर ५२ पुगेको छ ।
- २०१५ यता नेपालले समयवद्ध रुपमा कार्यपालीकाको बजेट प्रस्ताव प्रकाशीत गरेर बजेट सूचनाको उपलब्धता बढाएको छ ।
- तर, पूर्व बजेट विवरण र नागरिक बजेट प्रकाशन नगरेर कार्य प्रगति गर्नबाट चुकेको छ ।

## मुख्य बजेट दस्तावेज

| **दस्तावेज** | **व्याख्या** |
|---|---|
| पूर्व बजेट विवरण<br>(Pre-Budget Statement) | पूर्व वजेट विवरणले कार्यपालिकाको बजेट प्रस्ताव अघि नै सरकारको वित्त नीतिको बृहत्तर क्षेत्रका बारेमा जानकारी दिनुका साथै सरकारको आर्थिक प्रक्षेपण, अनुमानित खर्च तथा ऋणको खाका प्रस्तुत गर्छ । |
| कार्यपालिकाको वजेट प्रस्ताव<br>(Executive's Budget Proposal) | यो कार्यपालिकाबाट स्वीकृतिका लागि व्यवस्थापिकामा प्रस्तुत हुने दस्ताबेज हो । राजस्वका स्रोत सम्वन्धी विस्तृत विवरण, विभिन्न मन्त्रालयका लागि गरिएको विनियोजन, प्रस्तावित नीतिगत परिवर्तन तथा राज्यको वित्तीय अवस्था झल्काउने अन्य जानकारी यसमा समेटिन्छ । |
| अनुमोदित बजेट<br>(Enacted Budget) | व्यवस्थापिकाले स्वीकृत गरेको बजेट । |

| | |
|---|---|
| नागरिक बजेट (Citizen Budget) | सरकारले जनतालाई बजेटका मुख्य मुख्य जानकारी दिन तयार पार्ने कार्यपालिकाको बजेट प्रस्ताव वा पारित बजेटको सरल वा कम प्राविधिक संस्करण हो । |
| आवधिक प्रतिवेदन (In year Report ) | यो विभिन्न समयको अन्तरालमा भएको वास्तविक राजस्व सङ्कलन, खर्च तथा ऋण सम्बन्धी सूचना समेटिएको दस्तावेज हो जुन त्रैमासिक वा मासिक रुपमा प्रकाशित गरिन्छ । |
| मध्यावधि समिक्षा (Mid-Year Review) | यसमा आर्थिक बर्षको मध्यसम्ममा भएको बजेट कार्यान्वयनको अवस्था झल्काउँछ । यसले आर्थिक अनुमानहरूको समीक्षा गर्नुका साथै बजेटका नतिजाको अद्यावधिक अनुमान प्रस्तुत गर्छ । |
| वार्षिक प्रतिवेदन (Year End Report) | यसले आर्थिक बर्षको अन्तमा सरकारको लेखाको अवस्थाको व्याख्या गर्छ । सही अर्थमा यो सरकारको बजेटको नीतिगत लक्ष्य हासिल गर्नमा भएको प्रगति मूल्यांकन हो । |
| लेखा परीक्षण प्रतिवेदन (Audit Report) | मुलुकको सर्वोच्च लेखापरीक्षण निकायबाट गरिने सरकारको बर्षान्तका लेखाहरूको स्वच्छता र पूर्णताको परीक्षण गरी तयार पारिने दस्तावेज हो । |


## जनसहभागिता

सुशासनको सुधारका लागि पारदर्शिता मात्र पर्याप्त हुँदैन । सुदृढ बजेट पारदर्शिता मार्फत अपेक्षा गरिने सकारात्मक नतिजा हासिल गर्नमा लागि बजेट प्रक्रियामा जनसहभागिता अपरिहार्य छ ।


जनसहभागिताको स्तर मापनका लागि खुला बजेट सर्वेक्षणले बजेट प्रक्रियामा आम जनताको सहभागिताका लागि सरकारले कति अवसर उपलब्ध गराउँछ भन्ने कुरा मापन गर्छ । यस्तो अवसर बजेट चक्रका सवै चरणमा कार्यपालिका, व्यवस्थापिका र सर्वोच्च लेखापरीक्षण निकायले उपलब्ध गराउनुपर्ने हुन्छ ।

जनसहभागिताको अवस्था मापन गर्न २०१७ को खुला बजेट सर्वेक्षणमा प्रश्नावलीहरू**'वित्तीय पारदर्शिताका लागि विश्वव्यापी प्रयास'** ले तय गरेका नयाँ सिद्धान्तअनुकूल हुने गरी परिमार्जन गरिएको थियो । यी सिद्धान्तलाई अहिले राष्ट्रिय बजेटको प्रक्रियाका सन्दर्भमा जनसहभागितको अवस्था मापनको व्यापक रुपमा स्वीकार्य मान्यताका रुपमा लिइन्छ । त्यसैले २०१७ मा बजेटमा जनसहभागिता मापनका लागि प्रयोग भएका तथ्याङ्क अघिल्ला बर्षहरूको तथ्याङ्कसँग सिधै तुलना गर्न सकिदैन ।

**यो क्षेत्रका अन्य देशहरूसँग नेपालमा जनसहभागिताको स्तर कसरी मापन गर्ने त ?**




नेपालले १०० मा २४ अङ्क प्राप्त गरेको छ जसबाट नेपालले बजेट प्रक्रियामा जनसहभागिताको न्यून अवसर दिएको छ  भन्ने देखाउँछ । यो विश्वको औसत अङ्क १२ भन्दा बढि हो ।





## बजेट निगरानी

खुला बजेट सर्वेक्षणले संसद, सर्वोच्च लेखापरीक्षण निकाय तथा स्वतन्त्र वित्तीय निकायहरूले बजेट प्रक्रियामा निर्बाह गर्ने भूमिका तथा बजेटको प्रभावकारी निगरानीमा ती निकाय कत्तिको सक्षम छन् भन्ने कुराको परीक्षण गर्छ । सामान्यतया मुलुकको संविधान वा कानुनबाट विशेष संरक्षण पाउने यस्ता निकायले बजेट तर्जुमा तथा निगरानीको सन्दर्भमा अत्यन्त सम्वेदनशील भूमिका निर्वाह गर्दछन् ।

सार्वजनिक स्रोतको प्रयोगमा सदाचारिता तथा जवाफदेहिता कायाम गर्ने सम्वन्धमा औपचारिक निगरानी निकायको भूमिका अझ राम्रोसँग लेखाजोखा गर्न सकियोस् भन्ने उद्देश्यले  बजेट निगरानीका सूचकहरूमा

परिमार्जन गरिएको छ। त्यसैले २०१७ मा निगरानी निकायको भूमिका तथा प्रभावकारिता सम्बन्धी तथ्याङ्कलाईअघिल्ला बर्षहरूका संस्करणहरूसँग सिधै तुलना गर्नु हुँदैन।

**नेपालको व्यवस्थापिकाले कुन तहको बजेट निगरानी गर्छ ?**





बजेट चक्रमा व्यवस्थापिकाको निगरानी कमजोर रहेको छ। यो तथ्याङ्कले बजेट तर्जुमाको कार्यान्वयनको चरणमा पनि कमजोर निगरानी भएको देखाउँछ।

प्रभावकारी व्यवस्थापकीय निगरानीका निम्न अवरोधहरू रहेका छन्।

- आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा २ महिना अघि सांसदहरूलाई कार्यपालिकाको बजेट प्रस्ताव उपलब्ध गराइदैन
- संसदीय समितिहरूले आफूले गर्ने कार्यपालिकाको बजेट प्रस्तावको विश्लेषणको प्रतिवेदन परीक्षण र अनलाइनमा प्रकाशन गर्दैनन्।
- बजेट कार्यान्वयनमा गएपछि पारित बजेटलाई विभिन्न प्रशासनिक एकाइहरूमा गरिने स्थानान्तरण तथा अपेक्षा नगरिएको राजस्वहरूको खर्च गर्नु अघि सरकारले व्यवस्थापिकासँग परामर्श गर्ने अभ्यास छैन।

**नेपालको सर्वोच्च लेखापरीक्षण निकायले कुन तहको बजेट निगरानी गर्छ ?**




सर्वोच्च लेखापरीक्षण निकायले पर्याप्त रुपमा बजेट निगरानी गर्छ।

- कानुन अनुसार आफूले उपयुक्त देखेका सवै प्रकारको लेखापरीक्षण गर्ने पूर्ण अधिकार यसमा छ।
- अझ,निकायको प्रमुख व्यवस्थापिका र न्यायपालिका (संबैधानिक परिषद्) समेतबाट नियुक्त हुने र उनलाई हटाउन व्यवस्थापिका वा न्यायपालिकाको स्वीकृति चाहिने हुनाले यो निकायको स्वतन्त्र हैसियत कायम हुन्छ।
- अन्त्यमा, सर्वोच्च लेखापरीक्षण निकायलाई आफ्नो काम पूरा गर्न पर्याप्त स्रोत उपलब्ध हुनुका साथै लेखापरीक्षण प्रक्रियाको स्वतन्त्र निकायबाट पुनरावलोकन हुन्छ।

### स्वतन्त्र वित्तीय निकाय

नेपालमा स्वतन्त्र वित्तीय निकाय छैन । स्वतन्त्र वित्तीय निकायले उति ब्यापकता पाइसकेको नभएता पनि यस्तो निकायलाई स्वतन्त्र र निस्पक्ष सूचनाको स्रोतका रुपमा मान्यता दिने क्रम बढ्दो छ । स्वतन्त्र वित्तीय निकायको संस्थागत स्वरुप फरक फरक हुन सक्छ । संसदीय बजेट कार्यालय र वित्तीय आयोग यसका सामान्य उदाहरण हुन् ।

*थप सूचनाका लागि Lisa von Trapp, Ian Lienert, and Joachim Wehner, "Principles for Independent Fiscal Institutions and Case Studies," OECD Journal on Budgeting, March 2016 (special issue), pp. 9-24.हेर्नुहोस् ।*

## सुझाव

*नेपालको सर्वेक्षणका नतिजा बारे थप जानकारी प्राप्त गर्न खुला बजेट डाटा एक्सप्लोरर हेर्नुहोला । जसको वेब ठेगानाwww.survey.internationalbudget.org हो ।*

### नेपालले पारदर्शिता कसरी बढाउन सक्छ ?

बजेट पारदर्शिता बढाउनका लागि नेपालले निम्न कुराहरुलाई प्राथमिकतामा राख्नु पर्छ,

- पूर्व बजेट विवरण र नागरिक बजेट निर्माण र प्रकाशन गर्ने ।
- कार्यपालिकाको बजेट प्रस्तावमा बृहत आर्थिक पूर्वानुमान तथा सरकारको वित्तीय अवस्था सम्वन्धी विस्तृत तथ्याङ्क राख्ने ।
- आवधिक प्रतिवेदन र पारित बजेटलाई थप सूचनामूलक बनाउने ।

### नेपालले सहभागितालाई कसरी बढाउन सक्छ ?

बजेट प्रक्रियामा जनसहभागिता बढाउन नेपालले निम्न कामहरुलाई प्राथमिकतामा राख्नुपर्छ,

- संकटापन्न तथा अल्प प्रतिनिधित्व भएको समुदायको प्रतिनिधित्व गर्ने व्यक्ति तथा संघसंस्थालाई राष्ट्रिय बजेटको निर्माण र कार्यान्वयनको अनुगमनमा  सक्रियतापूर्वक सहभागी गराउने
- वार्षिक बजेट तर्जुमाका क्रममा सर्वसाधारण तथा नागरिक संघसंस्थाका प्रतिनिधिको समेत सहभागितामा व्यवस्थापकीय सुनुवाई गर्ने
- लेखापरीक्षणसँग सम्वन्धित अनुसन्धानमा सर्वसाधारणले सहभागिता जनाउने गरी औपचारिक पद्धति निर्माण गर्ने

### नेपालले निगरानीमा सुधार कसरी ल्याउन सक्छ ?

बजेट निगरानीको प्रभावकारिता बढाउनका लागि नेपालले निम्न कार्यहरुलाई प्राथमिकतामा राख्नुपर्छ ।

- बजेट बर्ष सुरु हुन अघि नै संसदबाट कार्यपालिकाको बजेट प्रस्ताव पारित गर्ने कुरा सुनिश्चित गर्ने
- पारित बजेटमा निर्धारण भएका प्रशासनिक एकाइहरूको बजेट एक एकाइबाट अर्को एकाइमा स्थानान्तरण गर्दा वा अनेपेक्षित राजस्व खर्च गर्दा संसदमा परामर्श व्यवहारिक अभ्यास गर्ने ।
- बजेट निगरानीलाई थप सवल बनाउनका लागि स्वतन्त्र वित्तीय संस्था स्थापना गर्ने ।

## खुला बजेट सर्वेक्षण विधि

*खुला बजेट सर्वेक्षणमाअन्तराष्ट्रिय मुद्रा कोष (आईएमएफ), अन्तराष्ट्रिय सहयोग तथा विकास संस्था (ओईसीडी) तथा सर्वोच्च लेखापरीक्षण निकायहरूको अन्तराष्टिय संघ (इन्टोसाई), वित्तीय पारदर्शिताका लागि विश्वव्यापी प्रयास (जिफ्ट) लगाएतको स्रोतमा बहुपक्षीय संगठनहरूले विकास गरेका अन्तराष्ट्रिय रुपमा स्वीकार्य मापदण्ड हरूको प्रयोग गरिन्छ ।*

*यो सजिलै अवलोकन गर्न सकिने अवस्थाहरू मार्फत अभ्यासमा के भइहेको छ भन्ने कुराको अध्ययन गर्ने तत्थ्यपरक अनुसन्धानको उपकरण हो । समग्र अध्ययन प्रक्रियाले २०१६ को अगस्ट महिनादेखि २०१८ जनबरी सम्ममा झन्डै १८ महिनाको समय लियो र यसमा ११५ देशका झन्डै ३०० विशेषज्ञ सहभागी भए । खुला बजेट सर्वेक्षण २०१७ ले २०१६ डिसेम्बर ३१ सम्मका घटना, गतिविधिहरू र विकासहरूलाई मात्र समेटेको छ । बजेट सूचना प्रवाहको नवीन विधिहरू झल्काउने तथा जनसहभागिता र बजेट निगरानीका प्रश्नहरूलाई थप सवल बनाउन यो सर्वेक्षणमा २०१५ को सर्वेक्षणको तुलनामा केही परिमार्जन गरिएको छ । खुला बजेट सर्वेक्षणको विश्व प्रतिवेदनमा यो परिवर्तन सम्वन्धी थप व्याख्या समावेश छ । त्यसका लागि तलको लिंक हेर्नुहोस् ।*

*सर्वेक्षणका उत्तरहरूलाई उद्धरण र टिप्पणीहरूले साथ दिएका छन् जसमा सार्वजनिक दस्तावेजहरूको सन्दर्भ, सरकारको औपचारिक धारणा वा सरकारी अधिकारीहरू वा अन्य जानकार पक्षसँगको प्रत्यक्ष अन्र्तवार्ता पर्दछन् ।*

*यो सर्वेक्षण राष्ट्रिय सरकारसँग संवन्धित नरहेका स्वतन्त्र बजेट विशेषज्ञहरूबाट प्रत्येक देशमा भरिने प्रश्नावलीमा आधारित छ । हरेक देशको प्रश्नावलीमा प्राप्त मस्यौदा जवाफ माथि  नाम गोप्य राखिएका राष्ट्रिय सरकारसँग असम्वन्धित रहेका विशेषज्ञबाट पुनरावलोकन गरिन्छ । त्यसमाथि आइवीपीले करिव सबैजसो राष्ट्रिय सरकारलाई मस्यौदा जवाफमाथि प्रतिक्रियाका लागि आग्रह गर्छ र सर्वेक्षणको नतिजालाई अन्तिम रुप दिनुअघि त्यस्ता प्रतिक्रियालाई पनि ध्यान दिन्छ ।अनुसन्धानकर्ताले पुनरावलोकनकर्ता तथा सरकारको प्रतिक्रियामा आधारित रहेर आबश्यकता अनुसार प्रत्युत्तर दिन्छन् । सवै देशका बिचका जवाफ छनोटमा एकरुपता होस् भन्ने उद्देश्यले उत्तर बाझिएको अवस्थामा आइवीपीले आफैं अन्तिम निर्णय लिन्छ ।*

*विभिन्न प्रयासका अतिरिक्त आइवीपीले खुला बजेट प्रश्नावलीको मस्यौदा नतिजामाथि नेपाल सरकारको प्रतिक्रिया लिन सकेन ।*

## नेपालको खुला बजेट सर्वेक्षण सम्पन्न गर्ने;

*तारानाथ दाहाल र*
*कृष्ण सापकोटा*
*फ्रिडम फोरम*
*पोष्ट बक्स नं २४२९२*
*थापाथली, काठमाडौं, नेपाल*
*इमेल : info@freedomfourm.org.np*

***थप जानकारीका लागि***

***खुला बजेट सर्वेक्षण २०१७ को समग्र प्रतिवेदन, डाटा एक्स्प्लोरर, विधि प्रतिवेदन, पूर्ण प्रश्नावली लगायत थप जानकारीका लागि openbudgetsurvey.org मा जानुहोस् ।***